# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : रामपुर नगरपालिका, पाल्पा , रामपुर नगरपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गंगालाल सुवेदी | २०७८-६-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हृदयेश पन्थी | २०७८-१०-२५ | |
| | | बेरुजु रकम | ३९,३०६,२२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,०१,९१,३११.३४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७,५६,७९,००० | **चालु खर्च** | ४१,१९,६१,७२३.६४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,४५,७७,००० | **पूँजीगत खर्च** | २१,०७,५९,१६४ |
| **राजश्व बाँडफाँट** | १३,००,५१,३३६.८९ | **वित्तीय/अन्य व्यवस्था** | १८,५६,७१,५५७.९४ |
| **आन्तरिक आय** | २,९७,०२,२५४.८५ | | |
| **अन्य आय** | १७,६७,६६,०६९.०३ | | |
| **कुल आय** | ८५,६७,७५,६६०.७७ | **कुल खर्च** | ८०,८३,९२,४४५.५८ |
| **बाँकी मौज्दात** | | १२,८५,७४,५२६.५३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय:**<br>नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकिय अधिकार नगर सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ । सोही अधिकार बमोजिम स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले रामपुर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको प्रमुख उद्देश्य रहेको छ । यस रामपुर नगरपालिका अन्तर्गत १० वडा, ५२ सभा सदस्य, १२३.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०७८ (प्रारम्भिक प्रतिवेदन) अनुसार यहाँको जनसंख्या ३९ हजार १ सय ९० रहेको छ । | |
| २ | | | **लेखापरीक्षण क्षेत्र र सिमा:**<br>उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेषित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन र पेश भएसम्मका अन्य विवरण समेतलाई आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा आधारित तथा NAMS ले निर्धारण गरे बमोजिम नमूना छनौट गरी जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण पश्चात कार्यालयलाई उपलब्ध गराईएको मस्यौदाउपरको छलफलमा व्यवस्थापनबाट पेश भएका पुष्ट्याई, प्रमाण र जवाफका आधारमा निम्नानुसारका व्यहोरा कायम गरिएको छ । | |
| ३ | | | **एकिकृत आर्थिक विवरण:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम रामपुर नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय आय-व्यय हिसावको आर्थिक वर्ष २०७८/७९ को संक्षिप्त अवस्था निम्नानुसार रहेको छः | |

| सि.नं | आम्दानीतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | गत वर्षको जिम्मेवारी | | ८०१९१३११.३४ | १ | चालु खर्च | ४११९६१७२३.६४ | ४११९६१७२३.६४ |
| | क) विभाज्य कोषमा गत वर्ष छुट भएको आम्दानी | ३७०५७६.६३ | | २ | पूँजीगत खर्च | २१०७५९१६४. | २१०७५९१६४. |
| | ख) बैंक | ७९८२०७३४.७१ | | ३ | धरौटी फिर्ता | ५७२०५९८. | ५७२०५९८. |
| २ | राजस्व (आन्तरिक आय) | | १५९७५३५९१.७४ | ४ | कोष फिर्ता/खर्च | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | क) आन्तरिक राजस्व | २९७०२२५४.८५ | | | (क)प्रकोप व्यवस्थापन कोष | ४४१०४३३. | ९२१५४३३. | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ख) राजस्व बाँडफाँड | १२२८९०७९७.८९ | | | (ख) विविध खर्च खाता (जिल्ला समन्वय/पर्यटन वोर्डको रकम) | ४८०५०००. | | |
| | | | | ग) अन्य संस्थागत अनुदान | ७१६०५३९. | | ८ | मौज्दात | | ११२५१६७९७.५३ | |
| | | | ३ | वित्तिय हस्तान्तरण संघ | | ४७५६७९०००. | | क) बैँक मौज्दात(सञ्चित कोष) | १०१२१९९४४.५ | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | १२६००००००. | | | (अ)प्रकोप व्यवस्थापन कोष | ५७३६६४.५३ | | |
| | | | | ख) सशर्त अनुदान | ३३७१७९०००. | | | (आ)विविध खर्च खाता/कोष (औद्योगिक ग्राम) | ९५३४७५१. | | |
| | | | | ग) विशेष अनुदान | १२५०००००. | | | (इ) विविध खर्च खाता (जिल्ला समन्वय/पर्यटन वोर्डको रकम) | ५४७५००. | | |
| | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४४५५७०००. | | (ई) विविध खर्च खाता (आइ.टि अफिसरको तलब) | ६४०९३७.५ | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ६०१३०००. | | ९ | शसर्त अनुदान फिर्ता | ३६२४००७०.९४ | ३६२४००७०.९४ | |
| | | | | ख) सशर्त अनुदान | ११५४४०००. | | १० | धरौटी मौज्दात | १६०३७७२९. | १६०३७७२९. | |
| | | | | ग) समपुरक अनुदान | २००००००० . | | ११ | अन्तरसरकारी अख्तियारी | १३४४९५४५६. | १३४४९५४५६. | |
| | | | | घ) विशेष अनुदान | ७००००००. | | | | | | |
| | | | ५ | अन्तर सरकारी अख्तियारी | १३४४९५४५६. | १३४४९५४५६. | | | | | |
| | | | ६ | अन्य | | ० | | | | | |
| | | | | क) सडक बोर्ड नेपाल | ० | | | | | | |
| | | | ७ | विभिन्न कोषतर्फको आय | | २०५१२२८६.०३ | | | | | |
| | | | | (क)प्रकोप व्यवस्थापन कोष | ४९८४०९७.५३ | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (ख)विविध खर्च खाता/कोष (औद्योगिक ग्राम) | ९५३४७५१. | | | | | | |
| | | | | (ख) विविध खर्च खाता (जिल्ला समन्वय/पर्यटन वोर्डको रकम) | ५३५२५००. | | | | | | |
| | | | | (ख) विविध खर्च खाता (आइ.टि अफिसरको तलब) | ६४०९३७.५ | | | | | | |
| | | | १० | धरौटी आय | २१७५८३२७. | २१७५८३२७. | | | | | |
| | | | **जम्मा** | | | **९३६९४६९७२.११** | **जम्मा** | | | **९३६९४६९७२.११** | |

४

**आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।
- पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको छैन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।
- पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।
- खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता कार्य नभएको वा अद्यावधिक भएको छैन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो को पालना गर्नलाई स्थायी प्रकृतिको कागजात तयार गरी कार्यान्वियन गरेको छ ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन ।<br>• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।<br>• कार्यालयको स्वीकृत दरबन्दीअनुसार जनशक्ति व्यवस्थापनका लागि सम्बन्धीत निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।<br>• कार्यालयको कार्य प्रकृति अनुसार सार्वजनिक निकायको प्रमुखले माताहत कर्मचारीलाई कार्यविवरण/कार्यादेश दिई समयमै कार्यसम्पादनमा जोड दिनुपर्नेमा सो भएको छैन ।<br>• सवारी साधन मर्मत सम्भार तथा संरक्षणका लागि म.ले.प. फारम नं. ४१४ को प्रयोग कार्यान्वियन ल्याएको छैन् ।<br>• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन । यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।<br><br>उपरोक्त बुँदा समेत पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ गर्नुपर्दछ । | |
| ५ | | | **म.ले.प.फारमको प्रयोग:**<br>**(क) सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन ।<br>**(ख) भ्रमण तथा भ्रमण खर्चको अभिलेखः** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको लागि भ्रमण अभिलेख नराखेको, म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको भ्रमण अभिलेख नराखेको सथै म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन संलग्न गरेको छैन ।<br>**(ग) बेरुजु लगतः** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फाराममा तोकिए बमोजिमको अभिलेख राखेको छैन। साथै अवस्था अनुसार ती म. ले. प. फाराम अद्यावधिक गरेको छैन ।<br>**(घ) सवारी साधन**: म.ले.प फारामले तोके बमोजिमका सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन । तोकिएबमोजिम निर्धारित ढाँचामा म.ले.प.फारामको प्रयोग गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **चौमासिक खर्च:**<br>पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यन्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । | |

| सि.नं. | खर्च शीर्षक | कुल खर्च (रु.हजारमा) | चौमासिक खर्च(रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | |
| १ | नगरपालिका पूँजीगत | १५९०४० | १७९ | ४५३१४ | ११३५४६ | ५३९२२ |
| २ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ४११५५ | ० | ४२१५ | ३६९४१ | ३१४७० |
| ३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | १०५६४ | ० | १२७२ | ९२९२ | ५३९० |
| **जम्मा खर्च** | | **२१०७५९** | **१७९** | **५०८०१** | **१५९७७९** | **९०७८२** |
| **खर्च प्रतिशत** | | **१००.** | **०.०८** | **२४.१** | **७५.८१** | **४३.०७** |

पालिकाले आर्थिक वर्ष २०७८।७९ मा गरेको कूल पूँजीगत खर्चमध्ये प्रथम चौमासिकमा ०.०८ प्रतिशत, दोश्रो चौमासिकमा २४.१० प्रतिशत, तेश्रो चौमासिकमा ७५.८१ प्रतिशत र आषाढ महिनामा मात्र कूल खर्चको ४३.०७ प्रतिशत खर्च गरेको छ । वर्षान्तमा छोटो समयमा कार्य गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **क्षेत्रगत बजेट र खर्च:**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिएको छ ।<br><table><tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक बजेट</th><th>खर्च रकम</th><th>कुल खर्च प्रतिशत</th><th>क्षेत्रगत खर्च प्रतिशत</th></tr><tr><td>आर्थिक विकास</td><td>५२०७५०००</td><td>३७०९१९४९</td><td>७१.२३</td><td>५.०६</td></tr><tr><td>सामाजिक विकास</td><td>४१३७३८०००</td><td>४५७१७७८३०</td><td>८३.९१</td><td>६२.३९</td></tr><tr><td>पूर्वाधार विकास</td><td>१५७८९१७५७</td><td>१२१३०९०३८</td><td>७६.८३</td><td>१६.५५</td></tr><tr><td>सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र</td><td>१४९८६०००</td><td>६३२९१५१</td><td>४२.२३</td><td>०.८६</td></tr><tr><td>कार्य सञ्चालन तथा प्रशासनिक</td><td>१३९६९१०००</td><td>११०८५६६२८</td><td>७९.३६</td><td>१५.१३</td></tr><tr><td>**जम्मा**</td><td>**७७८३८१७५७**</td><td>**७३२७६४५९६**</td><td>**९४.१४**</td><td>**१००**</td></tr></table><br>पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम ४२.२३ प्रतिशत र सामाजिक विकास क्षेत्र अन्तर्गत सबैभन्दा बढी ८३.९१ प्रतिशत खर्च गरेको छ । उल्लिखित ५ क्षेत्रको क्षेत्रगत खर्च प्रतिशतमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ६२.३९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम ०.८६ प्रतिशत खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनुपर्दछ । | |
| ८ | | | **खर्च विश्लेषण:**<br>पालिकाले यसवर्ष आन्तरिक आयबाट रु. २९७०२२५४.८५, राजस्व बाँडफाँड र अनुदानबाट रु.७३०३१८६४७.२३ समेत रु. ७६००२०९०२.०८ आम्दानी भएकोमा चालु तर्फ रु. ४१२००५४३२.५१ र पूँजीगततर्फ रु.२१०७५९१६४.०० समेत रु. ६२२७६४५९६.५१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.७७ प्रतिशत रहेको छ । पदाधिकारी सुविधामा यस वर्ष रु.११५०१७७२.०० खर्च हुँदा यो खर्च आन्तरिक आयको ३८.७२ प्रतिशत हो । पालिकालाई प्राप्त भएका सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.१६ प्रतिशत चालु र ३३.८४ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै राजस्वका क्षेत्रहरु पहिचान गर्ने, पहिचान भएका क्षेत्रको राजस्व संकलन प्रभावकारी बनाई पालिकाको आय अवस्थालाई सुदृढ गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **वित्तिय विवरण:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र)बाट प्राप्त हुने म.ले.प.फा.नं. २७२ को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षा, प्रदेश पूर्वाधार विकास लगायतका कार्यक्रममा भएका कारोबार शुत्र प्रणालीमा समावेश गरेको पाइएन । पालिकाले आर्थिक कारोबार गर्दा शुत्र प्रणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| १० | | | **अवकाश कोष:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ । | |
| ११ | | | **सम्पत्ति उपयोग र संरक्षण:** | |
| ११.१ | | | **सरकारी सम्पत्ति व्यवस्थापन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी व्यवस्थित अभिलेख राख्नुपर्दछ । | |
| ११.२ | | | **जिन्सी अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेसिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको साविक गा.वि.स. र विषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी नगरपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, नगरपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामानको जिन्सी दाखिला नगरेको कारण नगरपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन । नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गरी प्रमाण पेश गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.३ | | | **PAMS को प्रयोग:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानून तथा नियमावलीले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखांकन प्रतिवेदन संरक्षण तथा उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हो । प्रत्येक कार्यालयले सम्पत्तीको लेखांकन गरी सम्वन्धित मन्त्रालयमा प्रतिवेदन गर्ने र सम्वन्धित मन्त्रालयले मन्त्रालयगत विवरण एकिकृत गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गरेपछी मात्र सम्पत्तीको एकिकृत प्रतिवेदन तयार गर्न सकिन्छ । यही जिम्मेवारी पुरा गर्न महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) तयार गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ कार्तिक २० को निर्णय तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ७८ बमोजिम महालेखा नियन्त्रकको कार्यालयले २०७७ श्रावणबाट अनिवार्य रुपमा तिनै तहका सरकारी कार्यालयमा लागु गरेको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) को प्रयोग आंशिक गरेको छ। वडा कार्यालयहरुको कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री तथा आवश्यक फर्निचर तथा प्रिन्टर समेत सम्बन्धित वडा कार्यालयले नै खरिद गरेको र सो खरिदलाई PAMS मा पोष्टिङ्ग गरेको छैन् । यसले गर्दा वर्ष भरी वडा कार्यालयले खप्ने जिन्सी सामाग्री कति र नखप्ने जिन्सी सामाग्री कति खरिद गरेको र कति प्रयोग भयो र कति बाँकी छ भन्ने एकिन गर्न सकिएन । वडा कार्यालयलाई आवश्यक पर्ने कार्यालय सञ्चालन सम्बन्धी सम्पूर्ण जिन्सी सामाग्री नगरपालिकाले एकिकृत रुपमा खरिद गरी PAMS मा अद्यावधिक गर्नुपर्दछ । | |
| ११.४ | | | **लिलाम तथा मर्मत:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(४) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम विक्री गर्नुपर्ने अवस्थाका मालसामानहरु नियम १०६ बमोजिम एक महिना भित्र लिलाम बिक्री सुरु गर्नु पर्ने तथा मर्मत गर्नु पर्ने भनी तोकिएका मालसामानहरु तीन महिना भित्र मर्मत गरीसक्नु पर्ने व्यबस्था छ । डिभिजन कार्यालयबाट पेश भएको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार निकम्मा भई लिलाम गर्नुपर्ने साथै सामानहरु मर्मत गर्न सकिने अवस्थामा रहेकोले मर्मत गर्नुपर्ने व्यहोरा उल्लेख भएकोमा सो कार्य हालसम्म सुरु गरेको छैन । नियमानुसार उक्त जिन्सी सामानहरु मर्मत तथा लिलाम गर्नु पर्दछ । | |
| १२ | | | **विविध खर्च:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.४०६१७८९ खर्च गरेको छ । यस्तो खर्चमा मितव्यायीता कायम हुनु पर्दछ । | |
| १३ | | | **आर्थिक सहायता:**<br>नगरपालिकाले आर्थिक सहायता वितरण गर्दा आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि बनाई कार्यविधिले निर्धारण गरेको मापदण्ड बमोजिम आर्थिक सहायता भुक्तानी गर्न सक्ने व्यवस्था छ । पालिकाले मापदण्ड नबनाई जनताको अपेक्षा मेयरको शुभेक्षा शिर्षकबाट रु.९००००, आपतकालिन बाल उद्दारकोषबाट रु.१९४४००, लैङ्गिक हिंसा निवारण कोषबाट रु.२४३४०० र प्रकोप व्यवस्थापन कोषबाट रु.३७९३४०१ समेत जम्मा रु. ४३२१२०१ बराबरको खर्च सम्बन्धितहरुको निवेदनमा नगरप्रमुखको तोकादेशका आधारमा पटके निर्णय गरी आर्थिक सहायता वितरण गरेको छ । कार्यविधि नबनाई गरीने वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **आन्तरिक लेखापरीक्षणः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2०७७ को नियम ८४ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन भई पदपूर्ती समेत भएको अवस्थामा जनशक्ती अभावका कारण देखाई आर्थिक प्रशासन शाखाको जिम्मेवारी पालिकाकै आन्तरिक लेखापरीक्षकलाई दिएको कारण आन्तरिक लेखापरीक्षण हुन सकेको छैन । पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छ । वित्तिय समानिकरण, राजश्व बाँडफाँड लगायत सबै कारोवारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण नगरेको कारण आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने भई अन्तिम लेखापरीक्षणलाई समेत समय र श्रम बढी लाग्न जाने हुन्छ । अतः ऐन नियमको व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई व्यवस्थित गर्नुपर्दछ । | |
| १५ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन:** | |
| १५.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २१ जना स्थायी पदपूर्ती भएको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्दछ । रिक्त पद यथाशिघ्र पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५.२ | | | **कर्मचारी करार:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था भएकोमा पालिकाले विभिन्न पदमा ९७ जना कर्मचारी करारमा राखी रु.१९३८०५६२.०० खर्च लेखेको छ । करार कर्मचारीलाई आवश्यकताका आधारमा मात्रै परिचालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १५.३ | | | **तलबि प्रतिवेदनः** कर्मचारीको तलब भत्ता खर्च लेख्दा अनिवार्य रुपमा आर्थिक वर्षको शरुमै तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ । नगरपालिका भित्र रहेको स्थानीय तहका र निजामती सेवाका कर्मचारीको आर्थिक वर्ष २०७८।७९ को तलबी पारित नगराई रु. १ करोड ६६ लाख तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी लेखेको तलब भत्ता र ग्रेडको वास्तविक रकम यकिन नहुने हुँदा तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ । | |
| १६ | | | **कानून तथा न्याय:** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१ | | | **कानून निर्माण र सञ्चालन स्थिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानून बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ४ वटा नियमावली, १२ वटा कार्यविधि, १ वटा आचार संहिता, १ वटा निर्देशिका र २ वटा मापदण्ड समेत ३४ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको जनाएको छ । पालिकाले निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन नगरेको तथा दैनिक कार्यसञ्चालनमा त्यसको उपयोग गरेको छैन । निर्मित कानूनी व्यवस्थालाई राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १६.२ | | | **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको उजुरीको विवरण अनुसार गतवर्षबाट जिम्मेवारी सरी आएका १३ वटा र यस वर्ष ८३ वटा दर्ता भएकोमा ५६ वटा मात्र फर्स्योट भई ४० वटा बाँकी रहेको विवरणमा उल्लेख छ । फर्स्योट हुन बाँकी उजुरी कानूनले तोकेको समयभित्र फर्स्योट गर्नेतर्फ समितिले ध्यान दिनुपर्दछ । | |
| १७ | | | **खरिद गुरुयोजना र योजना:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ को व्यवस्थाबमोजिम खरिद गुरुयोजना र नियम ८ बमोजिम बार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धीत निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले नियमावलीको व्यवस्था अनुसार खरिद योजना तयार गरेको छैन । बार्षिक खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउन नियमावलीको व्यवस्था पालना हुनुपर्दछ । | |
| १८ | | | **योजना तथा निर्माण:** | |
| १८.१ | | | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सात सयभन्दा माथी सानासाना र टुक्रे योजनालाई बजेट विनियोजन गरेको छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि प्राप्त गर्न कठिन हुने कम संख्या र प्रतिफलमुखी योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।<br>**क्र. सं.** \| **विवरण** \| **योजना संख्या**<br>१ \| रु एक लाखसम्मका योजना \| ४२८<br>२ \| रु पाँच लाख सम्मका योजना \| ६३३<br>३ \| रु विस लाखमाथीका योजना \| २४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.२ | | | **निर्माण कार्य:** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मूख्य उदेश्य नै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । नगरपालिकाले अधिकांश योजना उपभोक्ता समिति मार्फत गराएको र उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण हुन सकेको छैन । प्रतिष्पर्धात्मक विधिबाट निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य गराई खर्चमा पारदर्शीता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १८.३ | | | **सार्वजनिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको पक्ष सवल नहुने गर्फ ध्यान दिई सामाजिक परीक्षण व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ । | |
| १८.४ | | | **गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ । | |
| १९ | | | **बजेट पेश, पारित र अख्तियारी:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उप-प्रमुख श्री विष्णु देवी (घिमिरे) आचार्यले २०७८/०३/०७ गते रु.७४ करोड ६४ लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७/०३/०७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८/०३/१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **कोभिड खर्च विवरण:**<br>आर्थिक वर्ष २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको खर्चको विवरण निम्नानुसार रहेको छ: | |

| **खर्च विवरण** | **रकम रु.** |
|---|---|
| कोभिड खोप सम्बन्धि जनप्रतिनिधि तथा स्वास्थ्यकर्मी गोष्ठी संचालन | ५०००० |
| अनुगमन खर्च | ७५००० |
| भ्याक्सिन लगाउँदा स्वास्थ्यकर्मी खाजा खर्च | १३०००० |
| भ्याक्सिन ढुवानी खर्च | २०००० |
| औषधी खरिद | २९००० |
| **जम्मा** | **३०४०००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **अबण्डा बजेट:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी श्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यस बर्ष निम्नानुसार रु.१०३८६०००.०० अबण्डा राखी रु.६८५४११७.०० खर्च गरेको छ । योजना नछुट्याई एकमुष्ट बजेट विनियोजन गरी खर्च गरेको छ । साथै कार्यपालिकाको १२८ औ बैठकको निर्णयानुसार साविकका ८४ योजना तथा कार्यक्रमलाई ११५ फरक नाम, प्रयोजन र स्थानमा रकमान्तर वा शिर्षक फरक गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **विनियोजन** | **खर्च** |
|---|---|---|---|
| १ | अन्य कार्यालय सञ्चालन खर्च | ५००००० | ४९०५९४ |
| २ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५००००० | २६९७६९ |
| ३ | पत्रपत्रिका खरिद तथा कार्यालयमा आवश्यक सामग्री छपाई तर्फ आवश्यक खर्च | १०००००० | ९४१७३९ |
| ४ | मेयर छात्रवृत्ति कोष | १५००००० | ५६५६४० |
| ५ | लैगिङ्क हिंसा निवारण कोष | ५००००० | २४३४०० |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३०२६००० | २४१५००० |
| ७ | विभिन्न चाडपर्व खर्च | ३००००० | ९७०५० |
| ८ | विभिन्न दिवस सञ्चालन खर्च (संघ/प्रदेश बाट जारी हुने परिपत्र कार्यान्वयनका लागि) | १०००००० | ४८१६० |
| ९ | विभिन्न पत्रपत्रिका विज्ञापन सूचना तथा अनलाईन खबर छपाई तथा प्रकाशन खर्च | १०००००० | ७२३९९५ |
| १० | सभा सञ्चालन खर्च | १०००००० | १०००००० |
| ११ | ह्युम पाईप खरिद तथा जडान (निवेदनका आधारमा छनोट हुने) (उपप्रमुखको चिनारी मेरो नगर मेरो जिम्मेवारी) | ६०००० | ५८७७० |
| **जम्मा** | | **१०३८६०००** | **६८५४११७** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>
विभिन्न खरिद कार्य:<br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु.२५ लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै प्रकृतिका खरिद र एकै व्यवसायीबाट तोकिएको सीमाभन्दा बढीको खरिद गर्न नहुने व्यवस्थाको पालना नगरी पालिकाले निम्नानुसार खरिद गरेको रु.
<table>
<tr><th>गौ.भो.न./मिति</th><th>विवरण</th><th>भुक्तानी लिने फर्म</th><th>खर्च रकम</th></tr>
<tr><td>१८३-२०७८/१०/१३</td><td rowspan="11">मसलन्द तथा कार्यालय सामाग्री</td><td>साझा स्टेशनरी एण्ड विविध अर्डर सप्लायर्स</td><td>४८८५६६</td></tr>
<tr><td>४७५-२०७९/३/७</td><td>न्यू सृष्टि सप्लायर्स</td><td>४९५४४९</td></tr>
<tr><td>४७६-२०७८/३/७</td><td>विभिन्न ३ वटा</td><td>१५२२५०</td></tr>
<tr><td>४७७-२०७९/३/७</td><td>विभिन्न ३ वटा</td><td>२५५०७२</td></tr>
<tr><td>४७८-२०७९/३/७</td><td>विभिन्न ३ वटा</td><td>३७८१७०</td></tr>
<tr><td>४७९-२०७९/३/७</td><td>विभिन्न २ वटा</td><td>२०६४२५</td></tr>
<tr><td>६०३-२०७९/३/२२</td><td>विभिन्न ४ वटा</td><td>१२७७७०</td></tr>
<tr><td>६०४-२०७९/३/२२</td><td>विभिन्न २ वटा</td><td>१४६९०६</td></tr>
<tr><td>६०८-२०७९/३/२३</td><td>विभिन्न ६ वटा</td><td>२४२८००</td></tr>
<tr><td>६०९-२०७९/३/२३</td><td>विभिन्न ४ वटा</td><td>२१०१२५</td></tr>
<tr><td>६६२-२०७९/३/२५</td><td>साझा स्टेशनरी एण्ड विविध अर्डर सप्लायर्स</td><td>३२७७००</td></tr>
<tr><td>२१३-२०७८/१०/१८</td><td>डेल ल्यापटप ३ थान समेत</td><td>परफेक्ट कम्प्यूटर</td><td>४९६५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३५२७७३३</td></tr>
</table>
</td><td>३,५२७,७३३</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
वितरणमुखी कार्यक्रम:<br>
पालिकाले पूँजी निर्माण हुने गरी अल्पकालिन तथा दिर्घकालिन योजना छनोट गर्ने र नगद तथा जिन्सी वितरणमा केन्द्रित नभै कार्यसञ्चालन गर्नुपर्नेमा यस आर्थिक वर्षमा योजना छनोट वा संशोधनमार्फत निम्नानुसारका वितरणमुखी कार्यक्रम सञ्चालन गरेको छ । वितरणमुखी कार्यक्रम सञ्चालन गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण<br>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | अपांग सहयोग सामाग्री वितरण | ५०००० | ५०००० | |
| | | | अपांग सहयोग साम्रागी वितरण कार्यक्रम | ७५००० | ७५००० | |
| | | | अपाङ्ग सहयोग सामाग्री वितरण कार्यक्रम | ५०००० | ५०००० | |
| | | | अपाङ्ग सहयोग सामाग्री वितरण कार्यक्रम | ५०००० | ५०००० | |
| | | | अपाङ्ग सहयोग सामाग्री वितरण कार्यक्रम | ५०००० | ५०००० | |
| | | | अपाङ्ग सहयोग सामाग्री वितरण कार्यक्रम | ५०००० | ५०००० | |
| | | | अपाङ्ग सहयोग सामाग्री वितरण कार्यक्रम | ५०००० | ० | |
| | | | अपाङ्ग सहयोग सामाग्री वितरण कार्यक्रम | ५०००० | ० | |
| | | | अपाङ्ग सहयोग सामाग्री वितरण तथा तालिम कार्यक्रम | १००००० | १००००० | |
| | | | अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम | २००००० | १०८१६० | |
| | | | अपाङ्गता संरक्षण समिति/अपाङ्गता परिचयपत्र वितरण समिति/लैङ्गिक हिंसा निवारण कोष सञ्चालन समिति/आपतकालिन बाल उद्धार कोष सञ्चालन समिति/नगरस्तरीय बालमैत्री स्थानीय शासन समिति बैठक सञ्चालन खर्च | २००००० | १५३६०० | |
| | | | आयुर्वेद औषधालय (ज्येष्ठ नागरिक सेवा तथा रसायन औषधि वितरण) | २५०००० | २४८१०० | |
| | | | आयुर्वेद औषधालयको स्तनपायी तथा दुग्धवर्द्धक औषधि वितरण कार्यक्रम | २५०००० | २४८२५० | |
| | | | उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम (रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजना मार्फत) (शित भण्डारमा विउ आलु परियोजनका लगि गत आ.व. 2077/78 देखि भण्डारण गरेका र पुष मसान्त सम्म विक्री वितरण गर्न नसेकका कृषकका लागि प्रति के.जी रु. 30/- प्रोत्साहन) | १५००००० | १४९८३८५ | |
| | | | करेला तथा घिरौला विउ विजन वितरण कार्यक्रम | २००००० | १९९५१० | |
| | | | काउली तथा बन्दा विउ र मल वितरण कार्यक्रम | २००००० | २००००० | |
| | | | कृषक तथा पशुपालकलाई अनुदान (तरकारी विउविजन र मौरीघार वितरण) कार्यक्रम (नगरस्तरीय योजना) | २५०००० | ० | |
| | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | कृषकहरुलाई टनेल वितरण कार्यक्रम | १००००० | १००००० | |
| | | | दलित विद्यार्थीहरुलाई झोला वितरण कार्यक्रम | ८०००० | ० | |
| | | | फलफूल तरकारी विउविजन वितरण कार्यक्रम | १००००० | ० | |
| | | | बालमैत्री कक्षाका लागि शैक्षिक सामाग्री वितरण कार्यक्रम | १००००० | ० | |
| | | | बिजुलीको फलामे पोल वितरण कार्यक्रम (साविक न्यायिक समिति सञ्चालन तथा व्यवस्थापन खर्च) | १४५००० | १०३४३७ | |
| | | | मागमा आधारित कृषि सामग्री तथा प्रविधि वितरण (७५ प्रतिशत अनुदानमा वितरण) | ४३०००० | ४२३९०० | |
| | | | मागमा आधारित तरकारी बिउ/बिजन वितरण (७५ प्रतिशत अनुदानमा आधारित) | २५०००० | २४९५१७ | |
| | | | व्यवसायिक फलफुल कृषकहरुलाई बिउ वितरण र प्याज विउ बेर्ना अनुदान कार्यक्रम | ० | ० | |
| | | | **जम्मा** | **४७८००००** | **३९५७८५९** | |
| २४ | | | **धार्मिक कार्यमा खर्च:** पालिकाले समग्र भौतिक, आर्थिक तथा सामाजिक विकासमा सहयोगी हुने र दिर्घकालीन लाभका क्षेत्र पहिचान गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेमा निम्नानुसारका ४० धार्मिक कार्यसँग सम्बन्धित टुक्रे योजनामा भुक्तानी दिएको छ । योजना छनोटको चरणमा समुदायलाई पर्याप्त अभिमुखिकरण नगरेको तथा जनप्रतिनिधिले अल्पकालिन लाभका लागि टोल क्षेत्र र समुदायको माग बमोजिम बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नु जरुरी देखिएको छ । | | | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | अकला कालिका मन्दिर निर्माण (नगरस्तरीय योजना) | ५००००० | ४८८०२५ |
| २ | अधुरो कालिका मन्दिर निर्माण (डल्ले चौपारी) | १५०००० | १४६६१७ |
| ३ | आधारभूत मा.वि. देखि पश्चिम तर्फ कालिका मन्दिर जाने मो.बा. विस्तार तथा ह्यूम पाइप व्यवस्थापन | ६०००० | ५७२७० |
| ४ | ओइरेघाट शिव मन्दिर निर्माण तथा व्यवस्थापन | १००००० | ९६४४६ |
| ५ | ओइरेघाट सामुदायिक भवन र शिव मन्दिर झ्याल ढोका तथा पल्लामा पेन्टिङ्ग योजना | ७५००० | ७३३२८ |
| ६ | कटुवा अकला देवी मन्दिर निर्माण | ५०००० | ४२५३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | कागतीडाँडा मन्दिर निर्माण | १२०००० | ११६३५७ | | |
| | | | | ८ | कृषकटोल दुर्गा मन्दिर व्यवस्थापन | ३०००० | २९३३८ | | |
| | | | | ९ | कुमारी देवी मन्दिर मर्मत | ३०००० | २९३३६ | | |
| | | | | १० | गैटार मन्दिर निर्माण तथा मर्मत | २००००० | १९५४८६ | | |
| | | | | ११ | झुप्री देखि ढावखोला देवीस्थान मन्दिर र मन्दिर जाने बाटो मर्मत | १००००० | ९७७०७ | | |
| | | | | १२ | टापुधाम मन्दिर संरक्षण तथा व्यवस्थापन | ८०००० | ७८१९८ | | |
| | | | 00301400959130000001 | Matikala Regmi | 7980.00 | | 6 | 3 | विधुवा | |
| | | | 00301400975240000001 | Tala Kanti Khanal | 7980.00 | 7980 | 6 | 3 | जेष्ठ एकल महिला | |
| | | | 00301400975240000001 | Tala Kanti Khanal | 7980.00 | | 6 | 3 | जेष्ठ एकल महिला | |
| | | | 00301400979917000001 | Dina Kala Lamsal | 6384.00 | 6384 | 6 | 3 | आंशिक अपाङ्ग | |
| | | | 00301400979917000001 | Dina Kala Lamsal | 6384.00 | | 6 | 3 | आंशिक अपाङ्ग | |
| | | | 00301400984701000001 | Asbin Nepali | 1596.00 | 1596 | 6 | 3 | बालपोषण भत्ता | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | 00301400984701000001 | Asbin Nepali | 1596.00 | | 6 | 3 | बालपोषण भत्ता | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 0360050046607 | हिमा कुमारी सिं ठकुरी | 7980 | 7980 | 7 | 3 | जेष्ठ नागरिक एकल महिला | | |
| | | | | 0360050046607 | हिमा कुमारी सिं ठकुरी | 7980 | | 7 | 3 | जेष्ठ नागरिक एकल महिला | | |
| | | | | 0360050080343 | सरिता वि॰क॰ | 11970 | 11970 | 7 | 3 | पूर्ण अपाङ्गता भत्ता | | |
| | | | | 0360050080343 | सरिता वि॰क॰ | 11970 | | 7 | 3 | पूर्ण अपाङ्गता भत्ता | | |
| | | | | 0360050086907 | सौगात सुनार | 1596 | 1596 | 7 | 3 | दलित बालबालिका | | |
| | | | | 0360050086907 | सौगात सुनार | 1596 | | 7 | 3 | दलित बालबालिका | | |
| | | | | 0360053950190 | हुम कला कामि | 7980 | 7980 | 7 | 3 | जेष्ठ नागरिक भत्ता (दलित) | | |
| | | | | 0360053950190 | हुम कला कामि | 7980 | | 7 | 3 | जेष्ठ नागरिक भत्ता (दलित) | | |
| | | | | 0360055237908 | हुमराज रेग्मी | 12000 | 12000 | 7 | 3 | जेष्ठ नागरिक (७० बर्ष माथि) | | |
| | | | | 0360055237908 | हुमराज रेग्मी | 12000 | | 7 | 3 | जेष्ठ नागरिक (७० बर्ष माथि) | | |
| | | | | 0360056936072 | हेम कुमारी शाही मल्ल | 7980 | 7980 | 7 | 3 | विधवा | | |
| | | | | 0360056936072 | हेम कुमारी शाही मल्ल | 7980 | | 7 | 3 | विधवा | | |
| | | | | 3360100005527010 | Sadikshya Aryal | 6384.00 | 6384 | 8 | 3 | Blue Card Holder | | |
| | | | | 3360100005527010 | Sadikshya Aryal | 6384.00 | | 8 | 3 | Blue Card Holder | | |
| | | | | 3510100000015119 | Baburam Khadal | 6933.00 | 6933 | 8 | 3 | Jestha Nagarik | | |
| | | | | 3510100000015119 | Baburam Khadal | 6933.00 | | 8 | 3 | Jestha Nagarik | | |
| | | | | 3510100000121119 | Matisara Damai | 10660.00 | | 8 | 3 | Jestha Nagarik | | |
| | | | | 3510100000121119 | Mat1sara Damai | 7980.00 | 7980 | 8 | 3 | Jestha Dalit | | |
| | | | | 3510100001079119 | Bina Devi Gharti | 7980.00 | | 8 | 3 | विधुवा | | |
| | | | | 3510100001079119 | Bina Devi Gharti | 7980.00 | 7980 | 8 | 3 | विधुवा | | |
| | | | | 3510100001715119 | Chitra Bahadur Bishwakarma | 2660.00 | | 8 | 3 | Jestha Dalit | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3510100001715119 | Chitra Bahadur Bishwakarma | 2660.00 | 2660 | 8 | 3 | Jestha Dalit |
| 3510100001722119 | Aditya Bishwokarma | 1596.00 | 1596 | 8 | 3 | Bal Poshan Bhatta |
| 3510100001722119 | Aditya Bishwokarma | 1596.00 | | 8 | 3 | Bal Poshan Bhatta |
| 3510100001574119 | Liladhar Neupane | 6384.00 | 6384 | 10 | 3 | Clt Czst |
| 3510100001574119 | Liladhar Neupane | 6384.00 | | 10 | 3 | Clt Czst |
| 3510100001588119 | Tankanath Kumal | 11970.00 | 11970 | 10 | 3 | पूर्ण अपाङ्ग |
| 3510100001588119 | Tankanath Kumal | 11970.00 | | 10 | 3 | पूर्ण अपाङ्ग |
| 3510100001683119 | Khem Bahadur Singali | 12000.00 | 12000 | 10 | 3 | Jestha Nagarik |
| 3510100001683119 | Khem Bahadur Singali | 12000.00 | | 10 | 3 | Jestha Nagarik |
| 3510100001698119 | Man Bahadur B.K. | 5320.00 | 5320 | 10 | 3 | Jestha Dalit |
| 3510100001698119 | Man Bahadur B.K. | 5320.00 | | 10 | 3 | Jestha Dalit |
| 3510100001702119 | Pobi Sara Ale | 5320.00 | 5320 | 10 | 3 | विधुवा |
| 3510100001702119 | Pobi Sara Ale | 5320.00 | | 10 | 3 | विधुवा |
| 3510100003552010 | सोनिया सुनार | 1596.00 | 1596 | 10 | 3 | Balposhan Bhatta |
| 3510100003552010 | सोनिया सुनार | 1596.00 | | 10 | 3 | Balposhan Bhatta |
| **जम्मा** | | | **382777** | | | |

| | | | | |
|---|---|---|---|---|
| ४२.४ | | | **फरक तथ्यांक र वितरण :** रामपुर नगरपालिका पार्श्वचित्र (वस्तुगत विवरण) २०७८ (२०७८ को घरधुरी सर्वेक्षण) बमोजिम नगरपालिकामा ७० बर्ष उमेर नाघेका ब्यक्तिहरुको संख्या १६३१ देखिएकोमा सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको संख्या १७१७ रहेको विवरण सहित सामाजिक सुरक्षा भत्ता लेखिएको छ ।सो अनुसार ८६ जना जेष्ठ नागरिकलाई महिनाको रु ४ हजार को दरले १२ महिनाको रु. ४१२८००० बराबरको सामाजिक सुरक्षा भत्ता रकम वितरण अभिलेख भन्दा फरक देखिएको छ । नगरपालिकाको सर्वेक्षण पुस्तिकाको जेष्ठ नागरिकको संख्या र सामाजिक सुरक्षा वितरण भएका जेष्ठ नागरिकको संख्यामा फरक देखिएकोले फरक परेको संख्या र सामाजिक सुरक्षा भत्ता दर बमोजिमको रकम सम्बन्धमा यकिन गरी प्रमाण पेश गर्नु पर्ने रु. | ४,१२८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४२.५ | | | **सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:**<br>**(क) लगत कट्टाको अभिलेख:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८/७९ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुन जान्छ । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।<br>**(ख) पारदर्शिता:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।<br>**(ग) नवीकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीको नविकरण गर्नु तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।<br>**(घ) अनुगमन तथा निरीक्षण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ । | |
| ४३ | | | **मेयर छात्रवृत्ति कार्यक्रम:**<br>यस रामपुर नगरपालिकाले कार्यपालिकाको मिति २०७८/१२/२४ को निर्णयबाट दलित, गरिव, जेहेन्दार तथा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको विवरण समावेश गरी मेयर छात्रवृत्ति कोष शिर्षकबाट ४० जनालाई रु. ५६५६४०.०० वितरण गरेको छ । छात्रवृत्ति वितरणको लागि सिफारिस गरिदिनु हुन भनी अध्ययनरत विद्यार्थीले दिएको निवेदन र नगर प्रमुखको तोक आदेशका आधारमा रकम वितरण गर्ने कार्यबाट छात्रवृत्ती वितरण प्रक्रिया पारदर्शी र उद्वेश्यमूलक रहेको छैन । यस प्रकारका कार्यक्रम पूर्व निर्धारित कार्यविधि अवलम्वन गरी सञ्चालन हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **सक्कल बिल बिजक:**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा फोटोकपी विल संलग्न गरी भुक्तानी दिएको देखिएको छ । तोकिएबमोजिम सक्कल विल बिजक पेश गर्नु पर्ने रु. | ३०१,४५० |

| **गो.भौ.नं.-मिति** | **विजक जारी कर्ता** | **विजक नं. र मिति** | **विल रकम** | **मू.अ.कर रकम** | **मू.अ.कर समेत जम्मा** |
|---|---|---|---|---|---|
| १३-२०७८/५/२७ | एप्पल मिडिया & एडभटाइज प्रा.लि. | ०४९-२०७८/०५/२० | ११२००० | १४५६० | १२६५६० |
| ४०९-२०७९/१/२२ | पुजा खाजा घर | १९४-२०७९/१/१९ | ८००० | - | ८००० |
| | | १९७-२०७९/१/२० | १५२०० | - | १५२०० |
| | ओजोन अफसेट प्रेस | | | | |
| | ३९७-२०७९/१/२० | ९०० | - | ९०० | |
| शिला कम्प्यूटर एण्ड स्टेशनरी | १२९९-मिति नखुलेको | ६१०० | - | ६१०० | |
| ६४७-२०७९/३/२४ | एन.आर.एन मिडिया प्रा.लि. | १६-२०७९/३/२० | ८८४९५.५७ | ११५०४.४३ | १००००० |
| ६६४-२०७९/३/२५ | नेपाल पत्रकार महासंघ | २३०-२०७९/३/२० | ३०००० | - | ३०००० |
| | पाल्पा समाचारपत्र | २८२-२०७९/३/२० | १४६९० | - | १४६९० |
| **जम्मा** | | | **२७५३८६** | **२६०६४** | **३०१४५०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **दोहोरो सुविधा:**<br>लुम्विनी प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ४ मा पादाधिकारीलाई सम्बन्धीत स्थानीय तहले सवारी साधन उपलब्ध गराउने र सवारी साधनको लागि आवश्यक इन्धन र मोबिल अनुसूचीमा उल्लेख भए अनुसार उपलब्ध गराउने यदी स्थानीय तहले सवारी साधन उपलब्ध नगराएमा अनूसूची बमोजिमको रकम यातायात खर्च वापत उपलब्ध गराउने व्यवस्था गरेको छ । यस पालिकाले निम्नानुसार पदाधिकारीहरुलाई यातायात खर्च र सवारी साधनको लागि आवश्यक इन्धन बराबरको रकम समेत भुक्तानी दिएको देखिएकोले यसरी ऐनको व्यवस्था विपरित दोहोरो भुक्तानी भएको रकम सम्बन्धीतबाट असुल गर्नु पर्ने रु. | २०५,५६० |

| क्र.सं. | पदाधिकारीको पद, नाम थर | मासिक यातायात खर्च दर | भुक्तानी भएको जम्मा महिना | कुल भुक्तानी |
|---|---|---|---|---|
| 1. | नगर प्रमुख रमण बहादुर थापा | १२००० | ८.१७ | ९८०४० |
| 2. | निवर्तमान नगर उप-प्रमुख विष्णु देवी (घिमिरे) आचार्य | १२००० | ७.१६ | ८५९२० |
| 3. | नगर उप-प्रमुख बाल कुमारी थापा | १२००० | १.८ | २१६०० |
| **जम्मा** | | **१२०००** | **१७.१३** | **२०५५६०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **प्रोत्साहन रकम भुक्तानी:**<br>पालिकाले ढुङ्गा गिट्टी बालुवा राजस्व छली गर्ने विभिन्न ट्याक्टरहरुबाट विभिन्न मितिमा इलाका प्रहरी कार्यालयको गस्ती टोलीले नियन्त्रणमा लिई रु.१०००० का दरले राजस्व असुल गरी पालिकाको राजस्व खातामा दाखिला गरे बापत ३० प्रतिशत रकम इलाका प्रहरी कार्यालयलाई प्रोत्साहन उपलब्ध गराउने गरी कार्यपालिकाबाट निर्णय गरी भुक्तानी दिएको छ । यसरी भुक्तानी दिँदा कार्यालयको नाममा भुक्तानी दिनु पर्नेमा सो कार्यालयका लेखापाल कुमार बहादुर थापाको नाममा बर्षभर जम्मा रु.११९७००.०० भुक्तानी दिएको देखिएको छ । राजस्व संकलन र चोरी निकासि नियन्त्रण कार्यका लागि प्रोत्साहन उपलब्ध गराएको रकम करकट्टीपश्चात सम्बन्धित गस्ती टोलीका सदस्यले प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ११९,७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **दाखिला प्रमाण:**<br>नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ कार्तिक २० को निर्णय तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ७८ बमोजिम महालेखा नियन्त्रकणको कार्यालयले २०७७ श्रावणबाट अनिवार्य रुपमा तिनै तहका सरकारी कार्यालयमा लागु गरेको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) मा खरिद समाग्री दाखिला गरी खर्च निकासा गर्नु पर्ने यस पालिकाले सो गरेको छैन। स्वास्थ्य चौकी तथा सहरी स्वास्थ्य केन्द्रहरु आँफैले आवश्यक कम्प्यूटर तथा प्रिन्टर सामाग्री खरिद गर्ने र आँफ्नै कार्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण मात्र श्रेस्तासाथ संलग्न राख्ने गरेका छन्। जिन्सी सामाग्री पालिकाको पाम्समा दाखिला हुन नआएकोले स्पेसिफिकेशन समेत खुलाई पाम्स दाखिला गरी प्रमाण पेश हुनु पर्ने रु. | ७७३,००० |

| गो.भौ.नं. | कार्यालय | खरिद सामाग्री | आपूर्तिकर्ता | खरिद मूल्य |
|---|---|---|---|---|
| १९४-२०७८/१०/१७ | गेझा शहरी स्वास्थ्य केन्द्र | स्पेसिफिकेशन नखुलेको डेक्सटप कम्प्यूटर | Seagate Computer Suppliers | ५०००० |
| १९६-२०७८/१०/१७ | गेझा स्वास्थ्य चौकी | ल्यापटप डेल आई ३-१ थान | | ७२००० |
| २००-२०७८/१०/१७ | गैडाकोट स्वास्थ्य चौकी | डेल आई ३ ल्यापटप १ थान र प्रोजेक्टर १ थान | | १२६००० |
| २५०-२०७८/११/१८ | दर्छा स्वास्थ्य चौकी | ल्यापटप डेल आई ३-१ थान र ब्रोदर्स २५४० प्रिन्टर | | ९७००० |
| ३७५-२०७९/१/७ | रजघरा शहरी स्वास्थ्य सेवा केन्द्र | डेक्सटप कम्प्यूटर १ थान र ब्रोदर्स २५४० प्रिन्टर १ थान | | ८८५०० |
| ४०२-२०७९/१/२१ | गण्डकीढिक शहरी स्वास्थ्य केन्द्र | | | ८८५०० |
| ४२९-२०७९/२/११ | विरेन्द्रसारा आधारभूत स्वास्थ्य केन्द्र | डेल आई ५ डेस्कटप १ थान र ब्रोदर्स २५४० प्रिन्टर १ थान | Perfact Computer | १२०००० |
| ४५४-२०७९/२/३१ | आधारभूत स्वास्थ्य केन्द्र रामपुर-९ | एसर आई ५ ल्यापटप १ थान र ब्रोदर्स २५४० प्रिन्टर १ थान | | १३१००० |
| **जम्मा** | | | | **७७३०००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **समाचार प्रकाशन:**<br>पालिकाले उपलब्ध बजेट र श्रोतको अधिकतम परिचालन गर्नुपर्ने र बजेट उपयोग आवश्यकता र औचित्यका आधारमा गर्नुपर्दछ । पालिकाले सिताकुण्ड मिडिया प्रा.लि.सँग वार्षिक रु.३१५००० भुक्तानी दिने गरी katuwalkhabar.com मा समाचार प्रकाशनको लागि वार्षिक सम्झौता गरी गो.भौ.नं. १९३-२०७८/१०/१७ बाट रु.१०५००० र गो.भौ.नं. ५२३-२०७९/३/१५ बाट रु.१५७५०० गरी जम्मा रु.२६२५०० भुक्तानी दिएको छ । आफ्नै बजेट खर्च गरी पालिकाको समाचार प्रकाशनको लागि अनलाईन मिडियासँग सम्झौता गरी वार्षिक भुक्तानी दिने कार्य उपयुक्त नदेखिएको रु. | २६२,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **स्वयंसेविका यातायात खर्च :**<br>पालिकाले नगरपालिका चालु तर्फको गो.भौ.नं.५५०-२०७९/३/१७ बाट महिला स्वास्थ्य स्वयसेविका यातायात खर्च शिर्षकबाट ४५ जना महिला स्वास्थ्य स्वयसेविकालको लागि जम्मा रु.५४०००० खर्च लेखेको छ । खर्च लेखेको मध्ये ३६ जना महिला स्वास्थ्य स्वयमसेविकाको बैंक खातामा रकम जम्मा भएको र बाँकी ८ जनाको हकमा गाडाँकोट स्वास्थ्य चौकीको अक्षयकोष खाता नं.३०३००५६३७०१ मा रु.१०८००० जम्मा भएको देखिएकोले सम्बन्धित ८ स्वास्थ्य स्वयमसेविकाले यातायात खर्च प्राप्त गरेको प्रमाण पेश गर्नु रु. | १०८,००० |
| ५० | | | **अनुदान वितरण:**<br>पालिकाले लाभग्राही समूदायसँग लागत सहभागितामा आधारित भई योजना कार्यान्वियन गर्नु पर्ने तथा गैरसरकारी संस्था वा अन्य संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा प्रस्ताव माग पश्चात लागत सहभागिता सुनिश्चित हुने तथा खरिद भएका सामाग्रीको कर विजक प्राप्त गर्नुपर्दछ । पालिकाले वडा नं.९ मा काठको पोल विस्थापन कार्यक्रमको लागि रु.१५००००० बजेट विनियोजन गरी रिङ्नेरह पूर्वखोला सामुदायिक विद्युत वितरक संस्थालाई अनुदान स्वरुप रकम उपलब्ध गराएको छ । पूर्वखोला गाउँपालिका, रामपुर नगरपालिका र विद्युत प्राधिकरणको साझेदारी हुने उल्लेख भएको यस कार्यक्रममा विद्युत प्राधिकरणलाई रकम भुक्तानी भैसकेको भएतापनि उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएको छैन् ।कार्यसम्पन्न प्रतिवेदन वेगर पालिकाको रकम नाफामूलक संस्थालाई उपलब्ध गराएको अनियमित देखिएको रु. | १,५००,००० |
| ५१ | | | **शालिक बेगर भुक्तानी:**<br>पालिकाले योजना सञ्चालन गर्दा उक्त योजना तथा कार्यक्रम सम्पन्न भए नभएको एकिन गर्न अनुगमन गरी अन्तिम भुक्तानी गर्ने गरी सम्झौता गर्ने गरेको छ । पालिकाले शहिद सूर्यप्रसाद घिमिरेको शालिक निर्माणार्थ रु.१७६६७००.०४ को लागत अनुमानमा तयार गरी उपभोक्ता समिति मार्फत योजना सञ्चालन पश्चात रु.१००६५४८ भुक्तानी दिएको छ । उक्त भुक्तानी मध्ये रु. ७५०००० को शालिक खरिद गरेको विल भरपाई श्रेस्तासाथ संलग्न गरेतापनि नगरपालिकाको कार्यालय अगाडीको खुल्ला चौरमा स्थापना गर्नका लागि तोकिएको स्थानमा उक्त शालिक स्थापना गरिएको छैन। योजना छनौट गर्दा उत्पादन एवं परिणाममुखी योजना छनौट गर्ने तथा सञ्चालित योजना तथा कार्यक्रम तोकिए बमोजिम सम्पादन गर्ने व्यवस्था गरिनु पर्दछ । | |
| ५२ | | | **तलव भत्ता अनुदान:**<br>स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आम्दानी र खर्चको विश्लेषण गरी दिर्घकालिन दायित्व सिर्जना नहुने किसिमका योजना तथा कार्यक्रम सञ्चालन गर्नु पर्दछ । पालिकाले नगर गौशाला सञ्चालन समितिलाई कर्मचारी तलव भत्ता र व्यवस्थापन खर्च वापत गो.भौ.नं.६४०-२०७८/३/२० बाट रु.४०६३७५ र सिताराम माध्यमिक विद्यालय रामपुर-४ लाई सभाहल निर्माणका लागि रु.१० लाख विनियोजन गरेकोमध्ये गो.भौ.नं.२६०-२०७८/११/२६ बाट रु.९८३३०३ खर्च गरेकोमा कार्यपालिकाको २०७८/८/२२ को निर्णयले विद्यालयको निजी श्रोतका शिक्षक तथा कर्मचारीहरुको पौष, माघ र फाल्गुन महिनाको तलव वापत रु.३००००० भुक्तानी दिएको छ । यसरी पालिकाको आन्तरिक श्रोतबाट दिर्घकालिन दायित्व सिर्जना हुने प्रकृतिको खर्च गर्ने प्रवृत्तीमा नियन्त्रण गर्नु पर्ने देखिएको रु | ७०६,३७५ |
| ५३ | | | **कार्यसम्पन्न नभई भुक्तानी:**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ बमोजिम पालिकाले नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान तर्फको रकम तोकिए बमोजिमको कार्यक्रम र शिर्षकमा खर्च गर्नु पर्ने तथा खर्च नभई बाँकी रहेको रकम वर्षान्तमा फिर्ता गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७८/१२/१५ को कार्यक्रम कार्यान्वियन प्रक्रिया बमोजिम निकासा दिन पत्र लेखेको तथा २०७९/३/१७ को पत्रबाट रोक्का राख्न निर्देश गरेको आधारमा तीन विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको रु.३५१६४३० विद्यालयहरुको खातामा मौज्दात रहने गरी निकासा दिएको छ । उक्त रकममध्ये छम्के आ.वि. रा.न.पा.१ को आर्थिक वर्ष २०७७/७८ को रु.१८०००००, ४ कोठे भवन निर्माण (रु १० लाख ८० हजार) समेतको कार्य गर्न दरैठाटी मा.वि. रामपुरलाई रु.१२१६४३० र आधारभूत मा.वि.रा.न.पा.७ लाई रु.५००००० समेत जम्मा रु.३५१६४३० बराबरको कार्यसम्पन्न प्रतिवेदन प्राप्त नगरेको तथा तोकिए बमोजिम कार्य नहुँदै सशर्त बजेट फिर्ता नहुने व्यवस्थाका लागि विद्यालयको खातामा रकम पठाई रोक्का राखेको अनियमित रु. | ३,५१६,४३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>कार्यक्रम बाहिरको खरिद:<br>सार्वजनिक खर्चमा मितव्यीता कायम गर्ने सम्बन्धि मापदण्ड २०७७ को ७(१) मा नेपाल सरकार वा बैदेशिक श्रोतबाट सवारी साधन खरीद गर्न नसक्ने साथै अत्यावसेक परी कुनै सवारी साधन खरिद गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको सहमती लिएर मात्र खरीद गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत सशर्त अनुदानवाट सवारी साधन (मोटरसाइकल) खरिद गरी निम्न सप्लायर्स/फर्म लाई भुक्तानी दिएको छ । अर्थ मन्त्रालयको सहमित बेगर संघिय सरकारको सशर्त अनुदानबाट स्वीकृत कार्यक्रमभन्दा बाहिर भएको खरिद नियमसंगत नदेखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>सप्लायर्स/फर्मको नाम</th><th>भुक्तानी भएको रकम</th></tr>
<tr><td>१</td><td>फिजा एण्ड खुम्बु अटोमोवाइल्स</td><td>२९९०००</td></tr>
<tr><td>२</td><td>एस.टि. अटो मोबाइल्स</td><td>२५९८००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५५९७००</td></tr>
</table></td><td>५५९,७००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **वितरण भरपाई:**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भण्डारी एग्रोभेट सेन्टरबाट निम्नानुसारका जैविक विषादी वनस्पतिक विषादी र अन्य प्रभावकारी रासायनीक विषादीहरु खरिद गरे वापत रु.४९३०००.०० बजेट खर्च लेखेको छ । उक्त विषादी प्रयोग भएको तथा वितरण भएको कुनै विवरण श्रेस्तासाथ संलग्न नरहेकोले सो को प्रयोग वा वितरण भएको विवरण पेश गर्नु पर्ने रु. | ४९३,००० |

| **सि.नं.** | **विवरण** | **परिमाण** |
|---|---|---|
| १ | हेली ल्यूर सेट | १०० पिस |
| २ | स्पोडो ल्यूर सेट | १०० पिस |
| ३ | टुटा ल्यूर सेट | १०० पिस |
| ४ | ब्याक्टोसेरा ल्यूर सेट | ३०० पिस |
| ५ | एल्लो स्टिकी ट्र्याप | २०० पिस |
| ६ | इमामेक्टिल बेन्जोईड | १५०० पिस |
| ७ | म्यान्कोजेव र साईमोजेनील | ३०० पिस |
| ८ | मेटालअक्स्जाईल कपर अक्सिकलोरडिङ | २०० पिस |
| ९ | डाईमेथोमर्फ | ३०० पिस |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **बिल विजक :**<br>अर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार कुनै पनि रकम भुक्तानी गर्दा विल विजक साथ सम्बन्धित भरपाई संलग्न गर्नुपर्दछ । घर संसार विउ भण्डारलाई २५८९५ के.जि. धानको विउको रु.२७१६६६.०० रकम भुक्तानी गर्दा विल/विजक/भर्पाई वेगर रकम भुक्तानी गरेकोले विल/विजक/भर्पाई पेश गर्नुपर्ने रु. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **विउ विजन वितरण :**<br>नगरपालिकाको कृषि कार्यक्रम अन्तर्गत विउ विजन वितरण गर्न ५०% नगरपालिका र ५०% स्थानीय कृषकले रकम व्यहोर्ने गरी गहुँको विउ र धानको विउ वितरण गर्न रु.९८४८१५.०० फर्म/सप्लायर्सलाई भुक्तानी गरिएको छ । यसरी विउ विजन वितरण गर्दा कृषकले ३ के.जि., ५ के.जि. देखि १२८० के.जि., १६१० के.जि., १७१५ के.जि. सम्म वितरण भएको छ । यस्तो प्रकृतिको अनुदानमा आधारित विउ विजन वितरणले धेरै परिमाणमा लैजाने कृषकले प्रभावकारी रुपमा विउको सदुपयोग भएकोमा आश्वस्त हुने अवस्था देखिदैन । त्यसैले नगरपालिकाले अनुदानमा दिने विउ विजन वितरण गर्दा निश्चित परिमाण तोकि नगरपालिका क्षेत्र भित्रका कृषकको निवेदनको आधारमा नाम नामेशी तयार गरी उनीहरुले पाउने निश्चित परिमाण तोकि फर्म/सप्लायर्स सँग सम्झौता गरी आवश्यक परिमाण खोली वितरण गर्दा प्रभावकारी हुने देखिन्छ । यस सम्बन्धि उदाहरण निम्न छन्: | |

| **सि.नं.** | **कृषकको नाम** | **वितरण गरिएको विउको परिमाण** | **जम्मा रकम** | **न.पा.ले व्यहोरेको रकम** | **कृषकले व्यहोरेको रकम** |
|---|---|---|---|---|---|
| १ | भिम ढकाल | ८ के.जि. | १७१६ | ८५८ | ८५८ |
| २ | जगन्नाथ गैरे | ३ के.जि. | २३४ | ११७ | ११७ |
| ३ | ईश्वरी देवि खनाल | १६१० के.जि. | १२५५८० | ६२७९० | ६२७९० |
| ४ | किर्तिनाथ गौतम | १७१५ के.जि. | १३३७७० | ६६८८५ | ६६८८५ |
| ५ | जंग बहादुर दर्लामी | ६ के.जि. | ४५० | २२५ | २२५ |
| ६ | सरस्वती पाण्डे | ५ के.जि. | ३७५ | १८७ | १८७ |
| ७ | बल बहादुर राना | १२८० के.जि. | ९६००० | ४८००० | ४८००० |
| ८ | एमक्रान्ति गौतम | ५२० के.जि. | ३९००० | १९५०० | १९५०० |
| ९ | तुलसी पंगेनी | ५ के.जि. | ३७५ | १८७ | १८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **अनुदान अनुगमन:**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को अनुसूची १ को खण्ड क, ख र ग मा उल्लेखित विद्यालयहरुलाई स्वीकृत गुरु योजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वयन योजना अनुसार नमूना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने कृयाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु सञ्चालन गर्न यस आ.व.मा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालय विच सम्झौता गरी विद्यालयलाई रु.३००००००.०० अनुदान उपलब्ध गराउने र विद्यालयले सम्झौता अनुरुप प्रभावकारी रुपमा काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगती केन्द्रमा पठाउने उल्लेख छ । यस नगरपालिकाले निम्न २ विद्यालयलाई रु.३००००००.०० का दरले रु.६००००००.०० अनुदान उपलब्ध गराएकोमा विद्यालयसँग सम्झौता नगरी खातामा रकम उपलब्ध गराएको छ भने निर्देशिकाले व्यवस्था गरे वमोजिम कार्य गरे नगरेको सम्बन्धमा नियमित अनुगमन र प्रगति केन्द्रमा पठाउने गरेको छैन । अत: कार्यक्रम कार्यान्वनय निर्देशिका २०७८/७९ अनुसार विद्यालयसँग सम्झौता गरी विद्यालयले गरेको कार्यको अनुगमन गरी प्रगती पेश गर्नुपर्ने रु.<br><table><tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr><tr><td>१</td><td>दरौठाटी मा.वि.</td><td>३००००००</td></tr><tr><td>२</td><td>रामतुलसी मा.वि.</td><td>३००००००</td></tr><tr><td colspan="2">**जम्मा**</td><td>**६००००००**</td></tr></table> | ६,०००,००० |
| ५९ | | | **असम्बन्धितलाई भत्ता वितरण :**<br>स्वास्थ्यकर्मीलाई वृहत पोषण कार्यक्रम २०७८/६/१२ देखि २०७८/६/१८ र २०७८/७/९ देखि २०७८/७/१५ सम्म सञ्चालन भएको पोषण सम्बन्धि तालिममा स्वास्थ्यसँग सम्बन्धित कर्मचारी, लेखा, स्टोर र तथ्याङ्क हेर्ने कर्मचारी मात्र संलग्न हुनुपर्ने कार्यक्रममा जनप्रतिनिधी (नगरप्रमुख) को सहभागिता भएको व्यहोरा सहित १४ दिनको सहभागी भत्ता वितरण गरेको छ । कार्यक्रमसँग असम्बन्धितलाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ९,८०० |
| ६० | | | **सम्झौताको शर्त पालना :**<br>रामपुर नगरपालिकाको आ.व.२०७८/७९ को सशर्त कार्यक्रम अन्तर्गत बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन गर्न यस पालिका र दुर्गादेवि सामाजिक उद्दम महिला कृषि सहकारी संस्था विच भएको सम्झौता अनुसार दोश्रो पक्ष (सहकारी संस्था) ले योजना, डिजाइन, लागत अनुमान तयार गरी स्वीकृत गराई कार्यसञ्चालन गर्नुपर्ने उल्लेख छ । निर्माण सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाई पेश गर्नुपर्ने उल्लेख भएकोमा सम्झौतामा उल्लेख भएबमोजिमका शर्तको पालना नभएको रु. | ७००,००० |
| ६१ | | | **लगत संकलन खर्च :**<br>सार्वजनिक निकायले खर्च गर्दा दोहोरो नपर्ने तथा एकै कार्यका लागि पटके स्वरुपमा भुक्तानी दिनु हुँदैन । नगरपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली शिविर सञ्चालन गर्न नगरपालिकाका र एन.एफ.एस. इनोभेसन प्रा.लि. विच मिति २०७८/१२/२५ मा सम्झौता भई २०७८/३/१५ मा सम्पन्न भएको भनी रु.८२०७६३.०० भुक्तानी भएको छ । सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना नगरपालिकामा सम्पूर्ण वडाबाट नियमित कार्य भइरहने हुँदा यो कार्यक्रम र वडा कार्यालयले गर्ने कार्य एउटै प्रकृतिको भएको हुँदा नगरपालिका र प्रा.लि. ले सम्पादन गरेको कार्य एकै प्रकृतिको देखिएको छ । एकै प्रकृतिको कार्य तथा नगरपालिकाले दैनिक रुपमा सम्पादन गर्नुपर्ने लगत संकलन कार्यलाई पटके स्वरुपमा अन्य संस्थामार्फत गराउने कार्यलाई निरुत्साहित गर्नुपर्ने रु. | ८२०,७६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **औषधी खरिद:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस पालिकाले उक्त प्रक्रियावेगर सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधीको उत्पादन कम्पनी र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको छैन ।<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टीफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको छैन् ।<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।<br>• औषधीको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ ।<br>औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| ६३ | | | **गैहसरकारी संस्था मार्फत कार्य:**<br>**हेफर नेपालसँग साझेदारी:** पालिकाले गैह सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना सञ्चालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न विशेषत बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम सञ्चालन गर्न यस पालिकाले मिति २०७८ असार १६ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७८ बैशाख ३० मा रु ४ करोड २४ लाख ५३ हजार बराबरको सम्झौतामा पालिकाले ७५ प्रतिशतले हुन आउने रु ३ करोड १८ लाख ४० हजार व्यहोर्ने गरी सम्झौता गरेको छ । पालिकाले रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत यस कार्यक्रममा हालसम्म रु ९५९९४५७ भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :<br>• सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था रहेकोमा पालिकाले हेफर प्रोजेक्ट नेपाललाई सिधै पेश्की दिने गरी सम्झौता गरी भुक्तानी दिएको नियमसम्मत रहेको छैन । | ५,७८०,४८७ |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | हेफर प्रोजेक्ट नेपालले पेश गरेको प्रगति प्रतिवेदन अनुसार यस आवमा निकासा भएको रकम रु ८६५५६४३ उल्लेख भएकोमा पालिकाले लेखापरीक्षण टोलीलाई उपलब्ध गराएको विवरणअनुसार रु. ८२६५९५७ निकासा भएको विवरण पेश भएबाट रु ३८९६८६ बराबरको विवरण फरक देखिएको छ । | ३८९६८६ |
| २ | हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको आधारमा भुक्तानी हुने गरेको छ । पालिकावाट यस आवमा भुक्तानी भएको रु ८६५५६४३ मध्ये रु ३२६४८४२ मात्र खर्च भएको विवरण पेश भएबाट रु ५३९०८०१ खर्च नभई बाँकी रहेको र पेश्कीसमेत | ३०३०६८५.८ |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>मौज्दात रकम रु २३६०११५।२० देखिएबाट रु ३०३०६८५।८० बराबरको खर्चको विवरण पेश हुनुपर्ने देखिएको छ । कार्यक्रममा लागत साझेदारी गर्नुपर्ने संस्थाको तलव तथा सुविधा र कार्यालय खर्च पालिकाले व्यहोर्ने कार्यबाट पालिकालाई अतिरिक्त व्यभार गरेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td>परियोजना अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु ८६५५६४३ र गत आर्थिक वर्षको मौज्दात रु ३४९३१३ समेत रु ९००४९५६ परिचालन गर्न निकासा दिएकोमा वर्षान्तसम्म रु ९३५२८२.२० बैक मौज्दात देखिएको छ । मौज्दात रकम वर्षान्तमा पालिकामा फिर्ता गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा सो नगरेको अनियमित देखिएको छ ।</td><td>९३५२८२.२</td></tr>
<tr><td>४</td><td>परियोजना अन्तर्गत वर्षभर सञ्चालित विभिन्न कार्यक्रममा साझेदार संस्थालाई पेश्की उपलब्ध गराएकोमध्ये रु.१४२४८३३ फछ्र्यौट भएको नदेखिएकोले फछ्र्यौट भएको प्रमाण पेश गर्नुपर्दछ ।</td><td>१४२४८३३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५७८०४८७</td></tr>
</table>
<ul>
<li>लेखापरीक्षण सम्झौता अनुसार कुल कार्यसम्पन्नको २५ प्रतिशत सम्बन्धित परामर्शदाताले र ७५ प्रतिशत पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएकोमा स्थानीय साझेदार संस्थाले पेश गरेका कागजात नेपाल सरकारको लेखाप्रणाली र खर्च संकेतसँग फरक हुने गरी लेखांकन हुने गरेको छ । सार्वजनिक खर्चको अभिलेख र प्रतिवेदनमा एकरुपता हुने व्यवस्था गर्नुपर्दछ ।</li>
<li>पालिका र हेफर नेपाल बीच भएको सम्झौतापश्चात स्थानीय साझेदार संस्थासँग हेफर नेपालले छुट्टै सम्झौता गरी कार्य गराउने गरी सम्झौता भएको छ । सम्झौताबमोजिम सम्बन्धित संस्थाले नै कार्यसञ्चालन गर्नुपर्नेमा अर्को संस्थामार्फत सम्पूर्ण कार्य गराउँदा एकै कामको लागि थप अर्को संस्था समावेश भएको र सम्झौता भएको पक्षभन्दा अर्को पक्षसँग आर्थिक कारोवार भएको छ । सम्झौताका पक्षबीच कारोबार र कार्यक्रम सम्बन्धमा स्पष्ट जिम्मेवारी र जवाफदेहीता हुने गरी कार्यसम्पादन भए नभएको सम्बन्धमा विश्वस्त हुने आधार छैन ।</li>
<li>संचालित कार्यक्रमको पालिकावाट मासिक/त्रैमासिक/ अर्धवाषिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको अभिलेखबाट देखिदैन । साथै, सम्झौता भएको संस्थाले आर्थिक वर्षभर र हालसम्मको कार्यप्रगति सम्बन्धमा पेश गरेको प्रतिवेदनबमोजमि कार्य भए नभएको सम्बन्धमा समेत पालिकाले अनुगमन मूल्यांकन गरेको छैन । संस्थाले पेश गरेको विवरण वा प्रगतिलाई नै यथार्थ खर्च र कार्यक्रमको प्रगतिका रुपमा स्वीकार गर्ने कार्यले लक्षित कार्यक्रमले तोकिएबमोजिम उद्देश्य हासिल गरे नगरेको सम्बन्धमा लेखापरीक्षणबाट आवश्व हुने आधार देखिएन ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>अनुदानमा कृषि एम्बुलेन्स:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम लाभग्राही समूदायसँग लागत सहभागितामा आधारित भई योजना कार्यान्वयन गर्नु पर्ने तथा गैरसरकारी संस्था वा अन्य संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा प्रस्ताव माग पश्चात लागत सहभागिता सुनिश्चित हुने व्यवस्था गर्नुपर्दछ । पालिकाले हेफर प्रोजेक्ट नेपालमार्फत दुर्गा देवी सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लिमिटेडलाई कृषि एम्बुलेन्स खरिदका लागि अनुदान उपलब्ध गराएको छ । अनुदान प्राप्त गर्ने सहकारीले हेफर प्रोजेक्ट नेपालसँग ५०।५० लागत साझेदारीमा खरिद गर्ने गरी सम्झौता गर्ने गरेको र सहकारीको लागत सहभागिताका लागि पालिकाको अनुदान प्रयोग गरेको छ पालिकाले हेफर प्रोजेक्ट नेपाल र सहकारी संस्थासँग समेत सहकार्य गरिरहेको सन्दर्भमा एकै सहकारीमा केन्द्रित हुँदा लाभ प्राप्त गर्ने सहकारी दोहोरिएको छ। सहकारीले गैससँग प्रतिवद्धता जनाएको लागत सहभागिता रकम पालिकाले व्यहोर्ने अवस्थामा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>कट्टी दाखिला नभएको:<br>पालिकाले विभिन्न शिर्षकमा दायित्व कट्टी गरेका रकम सम्बन्धित शिषर्कमा दाखिला गर्नु पर्नेमा आर्थिक वर्षको अन्त्यसम्म दाखिला नगरी दायित्व बाँकि देखिएको छ । देहाय बमोजिम कट्टा गरी खर्च लेखेको रकम दाखिला गरेको नदेखिएकोले दाखिला प्रमाण पेश हुनुपर्ने रु.<br>
<table>
<tr><th>क्र.सं.</th><th>कट्टी रकमको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नागरिक लगानी कोष सापटि कट्टी</td><td>१२६८</td></tr>
<tr><td>२</td><td>अग्रिम आय कर</td><td>५७०९</td></tr>
<tr><td>३</td><td>पारिश्रमिक कर कट्टी</td><td>१२९०</td></tr>
<tr><td>४</td><td>प्रधानमन्त्री राहत कोष कट्टी</td><td>२२६०</td></tr>
<tr><td>५</td><td>मूल्य अभिवृद्धी कर कट्टी</td><td>१३८०७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२४३३४</td></tr>
</table></td><td>२४,३३४</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>अनुगमन लेखापरीक्षण:<br>गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ती नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस पालिकाको आर्थिक वर्ष २०७७।७८ सम्म रु. ६३ करोड ३२ लाख ३४ हजार बेरुजु बाँकी रहेकोमा बेरुजु फस्यौंट गरी लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश गरेको छैन् । बाँकी बेरुजु फस्यौंट गर्न पालिका थप क्रियाशिल बन्नु पर्दछ ।</td><td></td></tr>
</table>